जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily
एक कदम अगाडि

वर्ष १३ • अंक ३२१ • २०८३ भदौ २४ गते बुधवार • 9 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday@gmail.com

# साइबर जोखिमपछि सरकारी ई-जीपी प्रणाली बन्द, सरकार फेरि कागजी ठेक्का प्रक्रियामा




**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २३ भदौ**

सरकारी ठेक्का तथा सार्वजनिक खरिद प्रक्रियालाई डिजिटल बनाउने उद्देश्यले सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e–GP) गम्भीर सुरक्षा जोखिम देखिएपछि सरकारले अस्थायी रूपमा बन्द गरेको छ । प्रणाली बन्द भएपछि नयाँ तथा म्याद बाँकी रहेका बोलपत्र, आशयपत्र र शिलबन्दी दरभाउपत्रको प्रक्रिया पुनः हार्डकपीमार्फत अघि बढाउनुपर्ने अवस्था आएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) ले ११ भदौमा सूचना जारी गर्दै e–GP प्रणाली अर्को सूचना नभएसम्मका लागि स्थगित गरेको थियो । कार्यालयको आधिकारिक वेबसाइटमा समेत ११ भदौको प्रणालीसम्बन्धी सूचना अहिले सूचीबद्ध छ। यो निर्णय प्रणालीमा देखिएको उच्च सुरक्षा जोखिम तथा आवश्यक मर्मत र सुधारका कारण गरिएको हो । प्रणाली बन्द भएपछि विभिन्न सरकारी निकायले यसअघि e–GP बाट प्रकाशित गरेका बोलपत्रको प्रक्रिया पनि कागजी माध्यमबाट अघि बढाउन थालेका छन्। उदाहरणका लागि निवृत्तभरण व्यवस्थापन कार्यालयले PPMO को सूचनालाई आधार बनाउँदै बोलपत्र हार्डकपीमार्फत बुझाउनुपर्ने व्यवस्था गरेको छ । पहिले पनि साइबर हमलाको समस्याः सरकारी e–GP प्रणालीमा समस्या आएको यो पहिलो घटना भने होइन । यसअघि पनि प्रणालीमा अनधिकृत पहुँच पु¥याएर ठेक्कासम्बन्धी विवरण हेरफेर गरेको आरोपमा प्रहरीले अनुसन्धान अघि बढाएको थियो ।

नेपाल प्रहरीले e–GP प्रणालीमा अनधिकृत पहुँच पुर्याई आर्थिक प्रस्तावसम्बन्धी कागजात परिवर्तन गरेको आरोपमा ६ जनालाई पक्राउ गरेको जनाएको थियो । घटनाको अनुसन्धानमा केन्द्रीय अनुसन्धान ब्युरो र साइबर ब्युरोसमेत संलग्न थिए ।

यसअघि सार्वजनिक भएका अनुसन्धान विवरणमा सयौँ सरकारी ठेक्कासम्बन्धी संवेदनशील विवरणमा अनधिकृत पहुँच र हेरफेर भएको आरोपसमेत सार्वजनिक भएको थियो । डिजिटल प्रणाली बन्द भएपछि फेरि कागजी प्रक्रियामा फर्किनुपर्ने बाध्यताः e–GP को मुख्य उद्देश्य सरकारी खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक र डिजिटल बनाउनु हो । तर प्रणाली नै असुरक्षित देखिएपछि त्यसलाई सञ्चालनमा राख्नुभन्दा पहिले सुरक्षा कमजोरी सुधार गर्नुपर्ने अवस्था आएको सरकारी पक्षको भनाइ छ । यसबीच सरकारी निकायहरूलाई अत्यावश्यक खरिद प्रक्रिया नरोकियोस् भनेर अस्थायी रूपमा हार्डकपीमार्फत बोलपत्र अघि बढाउने व्यवस्था गरिएको छ । तर डिजिटल खरिद प्रणाली बन्द गरेर फेरि कागजी प्रक्रियामा फर्किनुपर्दा ठेक्का प्रक्रियामा ढिलाइ, पारदर्शिता र प्रतिस्पर्धामाथि प्रश्न तथा विगतमा देखिएका अनियमितताको जोखिम बढ्न सक्ने चिन्ता पनि व्यक्त हुन थालेको छ । कहिले खुल्छ भ–न्ए ? अहिले प्रणाली पूर्ण रूपमा कहिले सञ्चालनमा आउँछ भन्ने स्पष्ट मिति सार्वजनिक भएको छैन। एएःइ को वेबसाइटमा ११ भदौपछि पनि भ–न्ए सम्बन्धी विभिन्न सूचना प्रकाशित भइरहेका छन्, जसले प्रणाली सुधार तथा वैकल्पिक प्रक्रियाबारे काम भइरहेको देखाउँछ । सरकारका लागि अहिलेको मुख्य चुनौती साइबर सुरक्षा बलियो बनाएर e–GP लाई पुनः सुरक्षित रूपमा सञ्चालनमा ल्याउनु हो । किनभने सरकारी अर्बौं रुपैयाँका ठेक्का तथा खरिद प्रक्रिया सञ्चालन हुने प्रणालीमा सुरक्षा कमजोरी रहिरहे डिजिटल प्रणालीमै फर्किनु थप जोखिमपूर्ण हुन सक्छ । डिजिटल नेपाल बनाउने अभियानमा अघि बढिरहेको सरकारकै मुख्य खरिद प्रणाली साइबर जोखिमका कारण कागजी प्रक्रियामा फर्किनुपर्ने अवस्था आउनुले नेपालको सरकारी डिजिटल पूर्वाधारको साइबर सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ ।




# पोखरीको डिलमा निर्माण गरिएका संरचना हटाउने बिरुद्ध आन्दोलन शुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ भदौ**



राजगुठीअन्तर्गतका पोखरी तथा पोखरीको डिलमा निर्माण गरिएका संरचना हटाउन सार्वजनिक सूचना जारी भएपछि जनकपुरधाम उपमहानगरपालिका-१४ रजौलस्थित लब्की पोखरी आसपासका स्थानीय आन्दोलनमा उत्रिएका छन् । गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल-२०६२ को प्रतिवेदन कार्यान्वयन समितिले उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न पोखरी तथा पोखरीको डिलमा निर्माण गरिएका संरचना सात दिनभित्र हटाउन सूचना जारी गरेपछि स्थानीयले विरोध जनाएका हुन् ।

स्थानीयका अनुसार उनीहरूले वर्षौंअघि जग्गा खरिद गरी घर निर्माण गरेका हुन् । घरजग्गाको कर तिर्दै आएको, विद्युत् तथा खानेपानीको बिललगायतका सरकारी कागजातसमेत रहेको अवस्थामा अहिले आएर घर खाली गर्न सूचना पठाइनु अन्यायपूर्ण भएको उनीहरूको गुनासो छ। सूचनाको विरोधमा स्थानीयले मंगलबार जनकपुरधामको पिडारी चोकमा एक घण्टाभन्दा बढी समय राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका छन्। प्रदर्शनकारीले सरकारविरुद्ध नाराबाजीसमेत गरेका थिए । राजमार्ग अवरुद्ध भएपछि प्रहरीले सामान्य बल प्रयोग गरी प्रदर्शनकारीलाई हटाएको थियो । स्थानीय राजोदेवी मण्डलले आफू २६ वर्षदेखि उक्त क्षेत्रमा जग्गा किनेर घर बनाएर बस्दै आएको बताइन् । लामो समयदेखि राज्यलाई कर तिर्दै आए पनि अहिले अचानक घर भत्काउने सूचना दिइएको भन्दै उनले आपत्ति जनाइन् । 'हामीले वर्षौंदेखि सरकारलाई कर तिर्दै आएका छौं । विद्युत्, खानेपानीलगायतका सरकारी सुविधा पनि उपभोग गरिरहेका छौं । अहिले आएर घर खाली गर्न सूचना दिनु कसरी न्यायोचित हुन्छ?' उनले प्रश्न गरिन् । त्यस्तै, स्थानीय धर्मराज यादवले आफूहरू बसोबास गरिरहेको जग्गा गुठीको नभएको दाबी गरे। उनका अनुसार २०४६ सालको नापीका आधारमा जग्गाको स्वामित्व यकिन गरी लालपुर्जा उपलब्ध गराउनुपर्नेमा उल्टै संरचना हटाउने सूचना जारी गरिएको छ । उनले आफूहरूले वर्षौंदेखि घरजग्गाको तिरो तिर्दै आएको उल्लेख गर्दै जग्गाको वास्तविक स्वामित्व र कानुनी अवस्थाबारे छानबिन नगरी हटाउने प्रक्रिया अघि बढाउन नहुने बताए । स्थानीय गृहिणी पेमा देवीले आफूहरू पोखरी अतिक्रमण गर्ने पक्षमा नरहेको स्पष्ट पार्दै पोखरी संरक्षण र सौन्दर्यकरणको काम व्यवस्थित रूपमा गर्नुपर्ने बताइन् । तर, त्यसका नाममा वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयको घरबस्ती नै हटाउने निर्णय स्वीकार्य नहुने उनको भनाइ छ । 'पोखरीको संरक्षण र सौन्दर्यकरण गर्नुपर्छ भन्नेमा हाम्रो विरोध छैन । तर, स्थानीयको थातथलो नै उठाउने गरी बस्ती हटाउने कुरा स्वीकार गर्न सकिँदैन,' उनले भनिन् । जनकपुरधाम-१४ का वडा सदस्य रमेशकुमार साहले पनि अतिक्रमण हटाउने नाममा स्थानीयलाई आतंकित बनाउने काम भएको आरोप लगाए ।




# जेनजी आन्दोलनको प्रश्न यथावत

भाद्र २३ गते जेनजी आन्दोलनको एक वर्ष पूरा भएका छन । यस अवसरमा आन्दोलनका क्रममा बलिदान गर्नुहुने ज्ञात-अज्ञात सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनमा घाइते भई पीडा सहन बाध्य हुनुभएका सम्पूर्ण घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । जेनजी आन्दोलनको एक वर्षको संस्मरण गरिरहँदा आज मनमा हजारौं कुराहरू उलटपुलट भइरहेको छ । यसै दिन हजारौं युवा तथा विद्यार्थीहरू स्वस्फूर्त रूपमा सडकमा उत्रिएका थिए । देशमा व्याप्त कुशासन, दण्डहीनता, भ्रष्टाचार, अपारदर्शिता, जवाफदेहिताको अभाव, कानुनी शासनको कमजोर अवस्था, अवसरको अभाव, नेताहरूको विलासी जीवनशैली तथा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध लगायत विषयमा आवाज उठाउन युवाहरू  सडकमा आएको थियो । जेनजीको एउटै मूल उद्देश्य थियो- राजनीतिमा नयाँपन र देशमा आमूल परिवर्तन । तर त्यतिबेलाका शासक र नेतृत्वले युवाहरूको आवाज, चाहना र भावना बुझ्न सकेनन् परिणामस्वरूप विद्रोहले विस्फोटको रुप लियो । सत्ता ढल्यो, सरकार परिवर्तन भयो र जेनजी विद्रोहको जगमा टेकेर अन्तरिम सरकार गठन भएको थियो ।

अन्तरिम सरकारको मुख्य जिम्मेवारी केवल चुनाव गराउनु मात्र थिएन । जेनजी आन्दोलनको सत्य तथ्य बाहिर ल्याउनु, आन्दोलनमाथि भएको सरकारी दमनको छानबिन गर्नु, घुसपैठ तथा अन्य पक्षबाट भएका विभिन्न घटनाहरूको वास्तविक चरित्र उजागर गर्नु र जेनजी आन्दोलनका न्यूनतम मागहरू पूरा गर्नु पनि सरकारको प्रमुख जिम्मेवारी थिए । तर, दुर्भाग्यवश, त्यो सरकारले चुनाव गराउनु बाहेक अरू केही गर्न सकेन । भदौ २३ सम्म आइपुग्दा जेनजीले के पायो ? भन्ने प्रश्न मात्र होइन, देशले के पायो ? भन्ने मुख्य प्रश्न यथावत रहेका छन ।

# जनकपुरधाम उद्योग वाणिज्य संघद्वारा ठूलो परिमाणमा राहत सामग्री संकलन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ भदौ**



रसुवा बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यले जनकपुरधाम उद्योग वाणिज्य संघले ठूलो परिमाणमा राहत सामग्री संकलन गरेको छ।

संघले व्यवसायी, उद्योगी तथा विभिन्न संघसंस्थाको सहयोगमा संकलन गरिएका कपडा, खाद्यान्न, भाँडाकुँडा, सरसफाइ सामग्रीलगायतका सामग्री बाढीपीडितसम्म पुर्याउने तयारी गरेको हो। संघका अनुसार संकलित राहत सामग्रीमा १ हजार ३ सय ७० थान लेडिज सुट, १ हजार ४ सय ४४ थान साडी, ७ सय ६५ थान बालबालिकाका कपडा, ४ सय ६५ थान जिन्स पेन्ट, १ हजार ८ सय ५२ थान जेन्स सेट, ३ सय २२ थान लेडिज कुर्ती तथा १ हजार ३ सय ४४ थान ट्र्याकसुटलगायत लत्ताकपडा रहेका छन्। त्यसैगरी ३ सय २५ थान बालबालिकाका जुत्ता, २ सय ५८ थान लेडिज जुत्ता, १ सय ६१ थान लेडिज चप्पल, ४ सय ५६ थान प्लास्टिक चप्पल, २ सय १० थान टावेल तथा अन्तर्वस्त्र र अन्य कपडा तथा जुत्ताचप्पलसमेत संकलन गरिएको संघले जनाएको छ। खाद्यान्नतर्फ ७५ बोरा चामल, २१ बोरा सोयाबिन, एक बोरा दाल, चार बोरा नुन, ४१ बोरा चुरा, २८ बोरा मुरही तथा ३१ कार्टुन चाउचाउ संकलन गरिएको छ।

यस्तै तीन बोरा डायपर, तीन बोरा स्टेपरी, एक कार्टुन चियापत्ती र अन्य आवश्यक सामग्री पनि राहतका रूपमा संकलन गरिएको छ। बाढीपीडितका लागि खाना पकाउन तथा दैनिक प्रयोगमा सहज होस् भन्ने उद्देश्यले ७५ थान तावा, ७५ थान कराही, २ सय थान थाली, २ सय थान कचौरा, २ सय थान गिलास, २ सय थान सानो कचौरा र २ सय थान ठूलो कचौरासमेत उपलब्ध गराइएको छ।

# सरकारी कार्यालयका भवन एक वर्ष बितिसक्दा पनि पूर्ण रूपमा पुनर्निर्माण हुन सकेन

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २३ भदौ**



जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट क्षतिग्रस्त बनेका सप्तरीका सरकारी कार्यालयका भवन एक वर्ष बितिसक्दा पनि पूर्ण रूपमा पुनर्निर्माण हुन सकेका छैनन् ।

आन्दोलनको एक वर्ष पूरा हुँदा समेत कतिपय कार्यालयका भवनमा झ्याल-ढोका छैनन् भने केही संरचना अझै प्रयोग गर्न नसकिने अवस्थामा छन्। गत वर्ष भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा सप्तरीका विभिन्न सरकारी कार्यालयमा तोडफोड तथा आगजनी हुँदा ७५ करोड ४५ लाख २ हजार ८३ रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयको तथ्यांक छ ।

आन्दोलनका क्रममा सरकारी कार्यालयका ११३ वटा चारपाङ्गे सवारीसाधन र १११ वटा मोटरसाइकल समेत नष्ट भएका थिए । क्षति ठूलो भए पनि पुनर्निर्माणको काम भने अपेक्षाकृत सुस्त देखिएको छ। सामान्य क्षति भएका कार्यालयले आफ्नै स्रोतसाधनबाट मर्मतसम्भार गरी सेवा सञ्चालन गरिरहेका छन् भने पूर्ण रूपमा क्षतिग्रस्त कार्यालयहरू अस्थायी संरचना र वैकल्पिक व्यवस्थाबाट सेवा दिन बाध्य छन्। आन्दोलनबाट सप्तरीमा सबैभन्दा ठूलो क्षति राजविराज नगरपालिकाको कार्यालयमा भएको थियो । प्रशासनको तथ्यांकअनुसार नगरपालिकामा मात्रै करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको थियो। त्यस्तै, जिल्ला अदालतमा ७ करोड ५५ लाख रुपैयाँ, उच्च अदालत जनकपुरको राजविराज इजलासमा ६ करोड ५० लाख र भौतिक पूर्वाधार विकास कार्यालयमा ६ करोड २५ लाख रुपैयाँ बराबरको क्षति भएको थियो ।

सङ्घीय सहरी तथा भवन निर्माण आयोजना कार्यालयमा २ करोड ४३ लाख ७५ हजार, सहरी विकास कार्यालयमा २ करोड १५ लाख, उच्च सरकारी वकिल कार्यालयमा २ करोड ७ हजार ८४० र जिल्ला निर्वाचन कार्यालयमा १ करोड ४७ हजार ४९९ रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
**सम्सी गाउँपालिकाको कार्यालय**
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: पिछ्डेको साथी मिल्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: अनावश्यक चिन्ता
तुला: लामो यात्राको योग छ
वृश्चिक: आम्दानी हुने
धनु: शुभ कार्यको शुरुवात
मकर: मित्रतामा फाटो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ब्रिक्समा भारतको नयाँ एजेन्डा



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २३ भदौ**

भारतले सेप्टेम्बर १२ र १३ मा नयाँदिल्लीमा आयोजना गर्ने १८औं ब्रिक्स शिखर सम्मेलनमार्फत व्यापार, प्रविधि, स्वास्थ्य, ऊर्जा, कृषि र जलवायु क्षेत्रमा व्यावहारिक सहकार्यलाई प्राथमिकता दिने भएको छ । भारतको सन् २०२६ को अध्यक्षता ‘लचिलोपन, नवीनता, सहयोग र दिगोपनका लागि निर्माण’ भन्ने मूल विषयमा केन्द्रित छ ।

सन् २००६ मा ब्राजिल, रुस, भारत र चीनबाट सुरु भएको ब्रिक समूह दक्षिण अफ्रिका थपिएपछि सन् २०११ मा ब्रिक्स बनेको थियो। सन् २०२४ मा इजिप्ट, इथियोपिया, इरान, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स तथा सन् २०२५ मा इन्डोनेसिया थपिएपछि अहिले यसमा ११ पूर्ण सदस्य राष्ट्र छन् । भारतले अध्यक्षताका क्रममा ब्रिक्सलाई राजनीतिक समन्वयमा मात्र सीमित नराखी आर्थिक र विकाससम्बन्धी ठोस सहकार्यको मञ्चका रूपमा अघि बढाउने लक्ष्य लिएको छ । यसका लागि लचिलोपन, नवीनता, सहयोग र दिगोपनलाई चार प्रमुख स्तम्भ बनाइएको छ ।

आर्थिक क्षेत्रमा ब्रिक्स आर्थिक साझेदारी २०३० को रणनीति, विश्व व्यापार सङ्गठनमा आधारित बहुपक्षीय व्यापार प्रणाली तथा आपूर्ति शृङ्खला सुदृढीकरणलाई प्राथमिकता दिइएको छ। साना तथा मझौला उद्यमलाई व्यापार वित्त उपलब्ध गराउन इनभ्वाइस डिस्काउन्टिङ संयन्त्र र सदस्य राष्ट्रका प्रविधि केन्द्र तथा वित्तीय संस्थाबीच सहकार्यका लागि एमएसएमई पोर्टल प्रस्ताव गरिएको छ । नवप्रवर्तनतर्फ स्टार्टअप इन्क्युबेटरलाई जोड्ने नेटवर्क र नयाँ उद्यमका लागि वित्तीय सहयोग जुटाउने स्टार्टअप इनोभेसन फन्ड प्रस्ताव गरिएको छ। कृषिमा कृत्रिम बौद्धिकता, भू-स्थानिक प्रविधि र डिजिटल पूर्वाधारको प्रयोग तथा बिउ र कृषि सामग्रीमा सहकार्य बढाउने पहल अघि बढाइएको छ ।

स्वास्थ्य क्षेत्रमा विश्वव्यापी स्वास्थ्य पहुँच, महामारीको तयारी, डिजिटल स्वास्थ्य र सस्तो औषधिमा सहकार्यसँगै मानसिक स्वास्थ्यका लागि समेत समन्वय संयन्त्र निर्माणको पहल गरिएको छ । ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै स्मार्ट ग्रिड, ऊर्जा भण्डारण, नवीकरणीय ऊर्जा, हाइड्रोजन, जैविक इन्धन, महत्त्वपूर्ण खनिज र कार्बन कब्जा प्रविधिमा सहकार्य अघि बढाउने योजना छ । जलवायु-लचिलो सहरी पूर्वाधार, हरित वित्त र ऊर्जा सङ्क्रमणलाई समेत भारतले प्राथमिकतामा राखेको छ ।

भारतले यी पहललाई शिखर सम्मेलनमा मात्र सीमित नराखी दीर्घकालीन रूपमा कार्यान्वयन गर्दै ब्रिक्समार्फत दिगो विकास र विश्वव्यापी शासनमा आफ्नो भूमिका थप प्रभावकारी बनाउने लक्ष्य लिएको छ ।

# *विवाह गर्नै लाग्दा छुटेको थियो अक्षय-शिल्पाको प्रेम*

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २३ भदौ**



सुनील दर्शनले अक्षय कुमार र शिल्पा शेट्टी जानवरको सुटिङका क्रममा नजिक थिए र विवाहको तयारीमा समेत लागेका थिए भनी खुलासा गरे । दर्शनका अनुसार जानवर हिट भएपछि अक्षय कुमारको करिअरले नयाँ दिशा पाएको र उनको स्टारडममा पहिलो ठूलो फड्को मारेको थियो ।

कुनै समय अक्षय कुमार र शिल्पा शेट्टी बलिउडका सबैभन्दा चर्चित र प्रिय जोडी मानिन्थे । अनस्क्रिन होस् या अफस्क्रिन, उनीहरूको केमिस्ट्रीले सधैं चर्चा पाउँथ्यो। उनीहरू चाँडै विवाह बन्धनमा बाँधिदैछन् भन्ने खबरले उतिबेला मिडिया र प्रशंसकहरूमाझ निकै चर्चा पाएको थियो । तर बीचैमा उनीहरूको ब्रेकअपको खबरले धेरैलाई स्तब्ध बनाइदियो ।

यी दुईले धड्कन, मै खिलाडी तु अनाडी, जानवर, इन्साफ जस्ता थुप्रै हिट फिल्महरूमा सँगै काम गरेका थिए । उनीहरूको अनस्क्रिन जोडीलाई दर्शकहरूले रुनिकै माया र साथ दिएका थिए । हालैको एक अन्तर्वार्तामा त्यसबेलाका कुराहरू सम्झँदै १९९९ को हिट फिल्म जानवरका निर्देशक सुनील दर्शनले यी दुईको सम्बन्धबारे केही कुरा खुलाएका छन् । उनका अनुसार फिल्मको सुटिङका क्रममा अक्षय र शिल्पा एकअर्काको निकै नजिक थिए। उनीहरू विवाहको तयारीमा समेत लागिसकेका थिए । उनले पनि विवाह हुन्छ भनेर सोचेका थिए । तर अक्षय र शिल्पा चाँडै नै छुट्टिए। अर्कोतिर अक्षयका लागि यो फिल्म एउटा टर्निक पोइन्ट जस्तो बनिदियो। सुनील दर्शनका अनुसार त्यसबेला अक्षय कुमार करिअरका लागि ठूलो सङ्घर्षमा थिए । त्यसअघिका फिल्महरू लगातार फ्लप भइरहँदा अक्षयले काम पनि भने जस्तो पाइरहेका थिएनन् ।

जानवर व्यापक हिट भयो। यसले अक्षयको करिअरलाई नयाँ दिशा दियो। दर्शनका अनुसार यही फिल्मबाट अक्षय कुमारको स्टारडमले पहिलो ठूलो फड्को मारेको हो । त्यसपछि अक्षयले काम पनि धमाधम पाउन थाले ।

अक्षयले करिअरमा कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । तर, अक्षयको शिल्पासँग भने ब्रेकअप भयो । त्यसपछि छोटो समयमा नै अक्षयले ट्विन्कल खन्नासँग विवाह गरेका थिए ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**जलेश्वर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मटिहानी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# जेन-जीसँगको सम्झौता कसको जिम्मेवारी ?



-जेन-जी आन्दोलनपछि भएको १० बुँदे सम्झौताले सुशासन, मानवअधिकार, निर्वाचन सुधार, समावेशी प्रतिनिधित्व र संस्थागत रूपान्तरणका लागि मार्गचित्र तय गरे पनि यसको कार्यान्वयन कमजोर रह्यो । अन्तरिम सरकारको छोटो कार्यकाल, स्पष्ट कार्ययोजना र संस्थागत समन्वयको अभावले धेरै प्रतिबद्धता अधुरै रहे, जबकि वर्तमान सरकार पनि ती विषयलाई आफ्नै शासन सुधारको एजेन्डासँग जोड्न चुकेको देखिन्छ । सम्झौताको कार्यान्वयनको मुख्य राजनीतिक जिम्मेवारी वर्तमान सरकारको भए पनि अन्तरिम नेतृत्व, सबै राजनीतिक दल र जेन-जी प्रतिनिधिहरूले स्वामित्व, निगरानी र सार्वजनिक जवाफदेहिता वहन गर्न आवश्यक छ। २३-२४ भदौ, २०८२ मा भएको जेन-जी विद्रोहले एक वर्ष पूरा गरेको छ । आन्दोलनपछि तत्कालीन अन्तरिम सरकार र जेन-जी आन्दोलनका प्रतिनिधिबीच २४ मंसिर २०८२ मा भएको १० बुँदे 'जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता, २०८२' ले जेन-जी विद्रोहलाई राजनीतिक आन्दोलनका रूपमा औपचारिक मान्यता दिँदै यसका मागलाई राजनीतिक मुद्दाका रूपमा दस्तावेजीकरण गरेको थियो ।

सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री सुशीला कार्की र जेन-जीका तर्फबाट सहिद परिवारका सदस्य भोजविक्रम थापाले हस्ताक्षर गरेको सम्झौताका साक्षी वर्तमान गृहमन्त्री सुदन गुरुङ, प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादव लगायतका थिए । तर, आन्दोलनको राजनीतिक उत्तराधिकार दाबी गर्दै सत्तामा पुगेको रास्वपा र जेन-जी आन्दोलनमा युवाहरूलाई सहभागी हुन आह्वान गरेका प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारले एक वर्षको अवधिमा यही सम्झौताको कार्यान्वयन र यसमा समेटिएका सम्झौताका बुँदाहरूलाई राजनीतिक बहसको केन्द्रमा ल्याउन सकेको देखिँदैन । यो सम्झौता सरकार र आन्दोलनरत पक्षबीचको राजनीतिक सहमति मात्र नभई आन्दोलनका पीडित, सहिद परिवार, घाइते तथा राज्यबीचको संक्रमणकालीन राजनीतिक प्रतिबद्धता पनि थियो । यो सम्झौता सरकार र आन्दोलनरत पक्षबीचको राजनीतिक सहमति मात्र नभई आन्दोलनका पीडित, सहिद परिवार, घाइते तथा राज्यबीचको संक्रमणकालीन राजनीतिक प्रतिबद्धता पनि थियो । यसले आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लंघनको छानबिन, सहिद तथा घाइतेको सम्मानजनक परिपूरण, भ्रष्टाचार नियन्त्रण, सुशासन, निर्वाचन सुधार, संविधान पुनरावलोकन, समावेशी प्रतिनिधित्व, अभिव्यक्ति तथा डिजिटल स्वतन्त्रताको संरक्षण र राज्यका संस्थागत सुधारसम्मका दीर्घकालीन महत्त्वका प्रतिबद्धताहरू समेटेको छ । नेपाल राजपत्रमा प्रकाशित भएसँगै यो सम्झौताले राज्यले सार्वजनिक रूपमा स्वीकार गरेको सुधारको मार्गचित्रको स्वरूप ग्रहण गर्‍यो । त्यसैले यसको मूल्यांकन यसका प्रतिबद्धताहरू व्यवहारमा कति रूपान्तरण भए भन्ने आधारमा हुनुपर्छ । सरकारले आफ्नो कार्यकालको पहिलो सय दिनका उपलब्धि सार्वजनिक गर्दा जेन-जी आन्दोलनका सहिद परिवारलाई राहत, घाइतेको उपचार तथा आर्थिक सहयोग, जेन-जी कल्याण परिषद् गठनको प्रक्रिया र रोजगारीसम्बन्धी पहललाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गर्‍यो । साथै, सरकारले जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेहरूका लागि पुनःस्थापना, जीवनयापन र सामाजिक संरक्षणसम्बन्धी एकीकृत विशेष प्याकेजका रूपमा २४ बुँदे मन्त्रालयस्तरीय निर्देशन पनि स्वीकृत गरेको छ । सरकारले यी कार्यक्रम नयाँ उपलब्धि जसरी प्रस्तुत गरे पनि, यथार्थमा यीमध्ये अधिकांश पहल जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौताअन्तर्गत सुरु भएका प्रतिबद्धता र कार्यान्वयनकै निरन्तरता हुन् । 'डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल' ले हालै सार्वजनिक गरेको अध्ययनले यो सम्झौताका प्रतिबद्धताको व्यावहारिक रूपान्तरण निकै कमजोर रहेको तथ्य उजागर गरेको छ । अन्तरिम मन्त्रिपरिषद्का २२५ निर्णय, मन्त्रालयका अभिलेख, सरकारी दस्तावेज र सार्वजनिक स्रोतहरूको विश्लेषणका साथै सम्झौताको कार्यान्वयनमा प्रत्यक्ष संलग्न सरकारी अधिकारी, जेन-जी आन्दोलनका प्रतिनिधि तथा अन्य सरोकारवालासँग गरिएको अन्तर्वार्ताका आधारमा गरिएको प्रत्येक प्रतिबद्धताको कार्यान्वयन अवस्था हेर्दा सम्झौतालाई व्यवहारमा रूपान्तरण गर्न अन्तरिम सरकार चुकेको देखिन्छ । यसले नेपालमा राजनीतिक सम्झौताहरूको कार्यान्वयन प्रक्रिया, राज्यका संस्थागत क्षमता र सीमितताबारे महत्त्वपूर्ण प्रश्न उठाउँछ । यही सेरोफेरोमा यो लेखले 'डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल' को अध्ययनका आधारमा जेन-जी–सरकार सम्झौताको कार्यान्वयन, उपलब्धि र संस्थागत सीमाहरूको विश्लेषणका साथै सम्झौताका विभिन्न पक्षधरलाई सम्झौताको मर्म सम्झाउने प्रयास गरेको छ । सम्झौता कार्यान्वयनका आयामहरू: 'डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल' को अध्ययनले राजनीतिक प्रतिबद्धताको कार्यान्वयन केवल सरकारको इच्छाशक्तिमा निर्भर नभई त्यसलाई कार्यान्वयन गर्ने संस्थागत क्षमता, कानुनी अधिकार, प्रशासनिक संयन्त्र र समग्र राजनीतिक वातावरणले निर्धारण गर्ने महत्त्वपूर्ण यथार्थ उजागर गर्छ ।

अन्तरिम सरकारको गैरदलीय स्वरूपले सम्झौताका केही प्रतिबद्धताको कार्यान्वयनमा सकारात्मक भूमिका खेलेको अध्ययनले देखाउँछ । गठबन्धन व्यवस्थापन, मन्त्रालय बाँडफाँट र दलीय भागबन्डाको दबाब अपेक्षाकृत कम भएकाले सरकारले कतिपय प्रशासनिक निर्णय छिटो लिन सक्यो । प्रधानमन्त्रीको नेतृत्वमा आन्दोलनका प्रतिनिधि, सरकारी निकाय तथा ढिलै भए पनि प्रमुख राजनीतिक दलबीच निरन्तर संवाद कायम रहँदा निर्वाचनको वातावरण निर्माण गर्न र केही संवेदनशील विषयमा सहकार्यको आधार तयार गर्न पनि सहयोग पुग्यो । विशेषगरी सहिद तथा घाइतेसँग सम्बन्धित प्रतिबद्धता अन्तर्गत सहिद परिवारलाई परिचयपत्र वितरण, राहत तथा मासिक आर्थिक सहयोग, घाइतेहरूको उपचार, छात्रवृत्ति, रोजगारी र पुनःस्थापनाका कार्यक्रम अघि बढाइए । यद्यपि सहिद परिवार र घाइतेहरूको माग अझै पूर्ण रूपमा सम्बोधन हुन नसकेको तथ्य हालै गृह मन्त्रालयले जारी गरेको २४ बुँदे निर्देशनले प्रस्ट पार्छ । आन्दोलनसँग सम्बन्धित घटनाको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गरियो । तर, अन्तरिम सरकार र वर्तमान सरकारले प्रतिवेदन औपचारिक रूपमा सार्वजनिकसमेत गरेनन् । अन्तरिम सरकारको मुख्य म्यान्डेट नै चुनाव भएकाले त्यससँग सम्बन्धित केही काम भयो । जेन-जी समूह मतादाता नामावली त्यसको कार्यावधि पनि थपियो । ८ असोज २०८२ मा राष्ट्रपतिबाट मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी भएपछि पहिलो पटक निर्वाचन घोषणा भई आठ लाख ३७ हजार ९४ नयाँ मतदाता मतदाता नामावलीमा समावेश भए ।

निर्वाचन व्यवस्थापनतर्फ मतदाता नामावली अद्यावधिक, निर्वाचन आचारसंहिता कार्यान्वयन, डिजिटल दुष्प्रचार नियन्त्रण, चुनावी खर्चलाई बैंकिङ प्रणालीमार्फत सञ्चालन गर्ने व्यवस्था तथा अन्य प्रशासनिक सुधारहरू लागू गरिए । त्यसैगरी, सामाजिक सञ्जालसम्बन्धी विधेयक फिर्ता लिने, जेन-जी परिषद् गठनको प्रक्रिया अघि बढाउने तथा डिजिटल सुशासन र सार्वजनिक सेवा सुधारका केही संस्थागत पहलहरू पनि कार्यान्वयनमा आए ।

निर्वाचन सुधारकै क्षेत्रमा पनि राजनीतिक दलहरूभित्र प्राथमिक निर्वाचन, विदेशमा रहेका नेपालीको मतदान अधिकार, मतपत्रमा 'नोटा', समानुपातिक उम्मेदवार छनोट तथा राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्रजस्ता विषय कार्यान्वयन हुन सकेनन् । संविधान संशोधन, समावेशी प्रतिनिधित्व, डिजिटल अधिकार संरक्षण तथा जेन-जी परिषद्लाई आन्दोलनको भावनाअनुरूप संस्थागत गर्ने प्रतिबद्धता पनि अधुरै रहे । यसले आन्दोलनका मुद्दाहरूलाई राजनीतिक प्रतिबद्धता गर्नु र त्यसलाई संस्थागत सुधारमा बदल्नु एउटै प्रक्रिया होइन भन्ने स्पस्ट पार्दछ । कार्यान्वयन किन कमजोर ? कुन प्रतिबद्धता कार्यपालिकाले तत्काल कार्यान्वयन गर्ने, कुनका लागि संसद् वा कानुन आवश्यक पर्ने, कुन निकाय जिम्मेवार हुने, कार्यान्वयनको समयरेखा र त्यसका लागि आवश्यक स्रोत कहाँबाट आउने भन्ने विषय स्पष्ट नहुँदा सम्झौता कार्यान्वयनमा सुस्त र अस्पष्ट हुन पुग्यो । सम्झौताको कार्यान्वयनमा अन्तरिम सरकारको छोटो कार्यकाल प्रमुख बाधक थियो । सरकार गठन भएको करिब तीन महिनापछि मात्र सम्झौता भयो र सत्ता हस्तान्तरणअघि करिब तीन महिना मात्र बाँकी थियो । यही अवधिमा विश्वसनीय निर्वाचन सम्पन्न गर्नु सरकारको पहिलो संवैधानिक दायित्व थियो । निर्वाचनको तयारी, सुरक्षा व्यवस्थापन, मतदाता नामावली र प्रशासनिक परिचालनले सरकारको ठूलो समय, ध्यान र स्रोत ओगट्यो । प्रतिनिधिसभाको अनुपस्थिति, सीमित बजेट, अनुभवी मन्त्रीहरूको अभाव र अन्तर-निकाय समन्वयको सीमितताले पनि दीर्घकालीन प्रतिबद्धताहरूको कार्यान्वयनलाई प्रभावित पारे । त्यसबाहेक सम्झौताका प्रतिबद्धतालाई कार्यान्वयन गर्ने स्पष्ट मार्गचित्र सुरुदेखि नै पर्याप्त रूपमा तयार भएन ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम भिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम भिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday